नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या ०७६/७७

चौतारा

# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

**निर्णयहरु :**

१. कोभिड-१९ का शंकास्पद विरामी बोक्न Dedicated एम्वुलेन्स तोकी प्रयोगमा ल्याउन मिति २०७७/०२/०७ गते बसेको DCCMC सिन्धुपाल्चोकले गरेको निर्णय बमोजिम पाँग्रेटार क्षेत्रीय क्वारेण्टाइनले एम्वुलेन्स संचालकसँग सम्झौता गर्ने र Dedicated एम्वुलेन्स संचालन गर्दा आउने खर्च यस जिल्लाका सम्पूर्ण स्थानीय तहहरुले दामासाहिले व्यहोर्ने । उक्त एम्वुलेन्स चौतारा अस्पतालमा २४ सै घण्टा प्रयोग गर्न सकिने गरी तयारी हालतमा राख्ने ।

२. क्वारेन्टिन व्यवस्थापन सम्बन्धमा स्थानीयस्तरमा समेत क्षेत्रीय क्वारेन्टाईन व्यवस्थापन समितिले जिल्लास्तरमा वनाएको **क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न वनेको नमूना मापदण्ड, २०७६** विपरित नहुने गरी मापदण्ड वनाई लागु गर्न सक्नेछ ।

३. तोकिएको क्षेत्रीय क्वारेन्टाइनमा तोकिएको स्थानीय तहहरुको मात्र व्यक्तिहरु रहने र क्वारेन्टाइनमा स्थान रिक्त नभएमा मात्र जिल्लाभित्रको खाली क्वारेन्टाइनमा राख्न जिल्ला संयन्त्रले आवश्यक समन्वय गरी खाली ठाउँमा सिफारिस गर्न सक्नेछ ।

४. जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुपाल्चोकले तयार गरेको कोभिड 19-को संक्रमणको जोखिममा रहेका व्यक्तिहरुलाई क्वारेन्टाईन कक्षमा राख्दा (Registration), क्वारेन्टाईनमा रहेको अवस्थामा र विदा (Discharge) गर्दा अपनाउनु पर्ने तपसिल बमोजिमको मापदण्ड स्वीकृत गर्ने ।

## जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुपाल्चोक

## कोभिड-१९ को संक्रमणको जोखिममा रहेका व्यक्तिहरुलाई क्वारेन्टाईन कक्षमा राख्दा (Registration), क्वारेन्टाईनमा रहेको अवस्थामा र विदा गर्दा (Discharge) अपनाउनु पर्ने मापदण्ड

कोभिड-१९ को सम्भावित संक्रमणवाट नागरिकहरुलाई सुरक्षित राख्न जोखिममा रहेका र शंकास्पद व्यक्तिहरुलाई क्वारेन्टाईन कक्षमा राख्दा (Registration), क्वारेन्टाईनमा रहेको अवस्थामा र विदा गर्दा (Discharge) निम्नानुसारका मापदण्ड अपनाउनु पर्दछ ।

**क्वारेन्टाईन कक्षमा राख्दा (Registration) अपनाउनु पर्ने मापदण्ड**

- हालसालै विदेश वा स्वदेशको संक्रमण प्रभावित क्षेत्रवाट आएको व्यक्तिहरुलाई क्वारेन्टाईन कक्षमा राख्ने ।
- कुनैपनि कोभिड-१९ को संक्रमित व्यक्तिसँग सम्पर्कमा आएको व्यक्तिहरुलाई क्वारेन्टाईन कक्षमा राख्ने ।
- स्वास्थ्य विज्ञसंग परामर्श गरी सुरक्षा निकायले ल्याएको अवस्थामा वा निज वसोवास गरेको स्थानीय तहवाट सिफारिस भएको आधारमा क्वारेन्टाईनमा डयूटीमा रहेका स्वास्थ्यकर्मीहरुवाट सामान्य स्वास्थ्य परिक्षण गरेर मात्र क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउने ।

प्रमुख जिल्ला अधिकारी / प्रशासकीय अधिकृत

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या ०७६/७७ चौतारा

- क्वारेन्टाईनमा राख्नु अघि क्वारेन्टाईनमा वस्नुपर्ने व्यक्तिलाई क्वारेन्टाईनमा वस्नुपर्ने कारण, अवधि र क्वारेन्टाईनमा वस्दा पालना गर्नुपर्ने नियमहरुका वारेमा राम्रोसँग परामर्श गर्नुपर्ने ।
- क्वारेण्टाइमा प्रवेश गरिसकेपछि सो को जानकारी स्वास्थ्य कार्यालय र जिल्ला प्रहरी कार्यालय लगायत सबै सुरक्षा निकायका प्रमुखहरुलाई जानकारी दिनु पर्नेछ ।

<u>क्वारेन्टाईनमा रहेको अवस्थामा अपनाउनुपर्ने मापदण्ड</u>

- नेपाल सरकारले जारी गरेको क्वारेन्टाईनमा वस्दा पालना गर्नुपर्ने सम्पुर्ण नियमहरु पालना गर्नुपर्ने ।
- क्वारेन्टाईनमा वस्नुपर्ने व्यक्तिको दैनिक स्वास्थ्य जाँच गरी अभिलेख राख्नुपर्ने ।
- स्वास्थ्य जाँच गर्दा कोभिड-१९ सँग मिल्ने लक्षणहरु देखिएको अवस्थामा तुरुन्तै RT-PCR जाँचको व्यवस्था गरी Isolation मा पठाउने ।
- अन्य आन्तरिक कार्यविधि आवश्यक ठहर भए क्वारेण्टाइन व्यवस्थापन समितिले निर्णय गरी लागू गर्न सक्नेछ ।

<u>क्वारेन्टाईनवाट विदा गर्दा (Discharge) अपनाउनुपर्ने मापदण्ड</u>

- क्वारेन्टाईनमा १४ दिन पुरा वसेपछि RDT/RT-PCR जाँच गरेर मात्र विदा (Discharge) गर्नुपर्ने ।
- RDT Positive आएमा Confirmation को लागि RT-PCR जाँच गर्ने ।
- कोभिड-१९ सँग मिल्ने लक्षणहरु देखिएको अवस्थामा र RT-PCR जाँचको Report Positive आएमा तुरुन्तै Isolation मा पठाउने ।
- १४ दिन पुरा बसी क्वारेन्टाईनवाट विदा भएपछि न्यूनतम ७ दिन पुर्णरुपमा होम क्वारेन्टाईनमा अनिवार्यरुपमा वस्नुपर्ने ।
- क्वारेन्टाईनवाट विदा गर्दा निज व्यक्ति सम्बद्ध आयोजना/उद्योग/संघसंस्था कार्यालय वा निज वसोवास गरेको स्थानीय तह/वडालाई ७ दिन पुर्णरुपमा होम क्वारेन्टाईनमा वसेको अनुगमन गर्नेगरी जिम्मा लगाएर मात्र विदा गर्ने।
- RDT/RT-PCR को रिपोर्ट प्राप्त भएपछि क्वारेण्टाइन व्यवस्थापनले स्वास्थ्य प्रमुखको अनुमति लिएर मात्र छाड्न निर्देशन गर्नुपर्नेछ ।

मिति २०७७/०२/०८

2077.02.08
..............
सुनिता न्यौपाने
प्रशासकीय अधिकृत